स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सनराइज पिक्चर्स प्रालीको ब्यानरमा निर्माण हुने चलचित्र 'बाटुलो जून'को शुभसाइत गरिएको छ। पाटनस्थित बगलामुखी मन्दिरमा शुक्रबार क्यामेरा र स्कृप्ट पूजा गर्दै निर्माण युनिट फ्लोरमा निस्केको हो। 'ड्रिम्स' रिलिजको झन्डै १० वर्षपछि अभिनेता तथा निर्देशक भुवन केसी यो चलचित्रबाट "एक्सन कट"मा पुनरागमन गर्दैछन्।

**आजको विचार...**



भ्रष्ट...

*(दुई पेजमा)*

पूर्ण ओली

चलचित्र 'ऊनको स्वीटर' शुक्रबारदेखि भारतमा प्रदर्शन गरिएको छ। भारतको वितरक कम्पनी एसली प्रोडक्सनका प्रमुख एवन राईका अनुसार भारतको दार्जिलिङको एसभिएफ सिनेमा, कर्स्याङको फन्टाजी सिनेमा, नाम्ची इम्पेरियल सिनेमा, गान्तोकका डेन्जोङ, वज्र र आइएनओएक्स गान्तोक तथा सिलिगुडीका सिनेमा सिटीसेन्टर, वेगा सर्कल, एग्रोपोलिस र साउथ सिटी सिनेमामा चलचित्र प्रदर्शन गरिएको हो। आगामी हप्ता प्रदर्शन गरिने जनाइएको छ।



❐ वर्ष ३१ अंक ११६ ❐ २०८२ मंसिर ७ गते आइतबार 23 November 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# मतदाता नामावली संकलन उत्साहजनक

## थपिए आठ लाख ३७ हजार नयाँ मतदाता

**मनिषा आले**

**पाल्पा,** मंसिर ६/आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि देशभर उत्साजनक रुपमा मदाता नामावली संकलन भएको छ । निर्वाचन आयोगले दिएको समय सीमा भित्र नागरिकको उत्साहजनक रुपमा मतदाता नामावली संकलन भएको हो ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणापछि आठ लाख ३७ हजार ९४ नयाँ मतदाता थपिएका छन् । निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली दर्ता तथा अद्यावधिकका लागि थप गरेको समय शुक्रबारमध्यरातिदेखि सकिएपछि नाम दर्ता गर्ने नयाँ मतदाताको विवरण सार्वजनिक भएको हो । फोटो तथा औँठाछापसहितको जैविक विवरण ( बायोमेट्रिक्स) मार्फत तीन लाख ४४ लाख नौ सय १४ र राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार एक सय ८० नयाँ मतदाता थपिएको आयोगले जनाएको छ । आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम




दर्ता गराउन मिल्ने गराएपछि अनलाइनबाट नाम दर्ता गराउनेको संख्या थप बढेको हो । गत कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको संख्या एक करोड ८१ लाख ६८ हजार २३ रहेको थियो । यसअघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपेको थियो । आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैछ । सो निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता भएकामध्ये फागुन २० गतेसम्म अठार वर्ष उमेर पूरा हुने मतदाताले मात्र मतदान गर्न पाउने छन् । आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने मतदाताको विवरण यही मङ्सिर २० गते आयोगको वेभसाइटमा प्रकाशन गरिने र त्यसमाथि कुनै त्रुटि वा उजुरी भएमा मङ्सिर २१ देखि २७ गतेसम्म आयोगलाई जानकारी दिन सकिने आयोगले जनाएको छ । विवरण सच्याउने काम सकिएपछि आगामी पुस १५ गते आयोगले मतदताको अन्तिम नामावाली सार्वजनिक गर्ने छ । प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न भए पश्चात विगतमा जस्तै १६ वर्ष उमेर पूरा भई नागरिकताको प्रमाणपत्र प्राप्त गरेका सबै नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने छन् । जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन भएर २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको छ । निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलनमा कानुनले रोक लगाएकामा सरकारले मतदाता नामावली ऐन नै संशोधन गरेको थियो । जेन-जीकै मागअनुसार सरकारले ९ असोजमा अध्यादेशमार्फत मतदाता नामावली ऐनमा संशोधन गरेर निर्वाचन घोषणापछि पनि मतदाता नामावली संकलनको व्यवस्था मिलाएको हो । कानुन संशोधन भएपछि आयोगले १८ वर्ष उमेर पुगेका नागरिकलाई मतदाता नामावलीमा नाम दर्ताका लागि समय दिएको हो । त्यसपछि १२ असोजदेखि आयोगले नामावली संकलन थालेको हो ।

**संक्षिप्त समाचार**

## कम्बोडियामा बस दुर्घटना १६ को मृत्यु

**(रासस/एपी)**

**नोम पेन्ह,** मंसिर ६/कम्बोडियाको प्रमुख पर्यटकीय सहर सिम रिपबाट राजधानी नोम पेन्हतर्फ गइरहेको एक यात्रु बस बिहीबार बिहान मध्य प्रान्त कम्पोङ थोमस्थित पुलबाट नदीमा खस्दा कम्तीमा १६ जनाको दु:खद मृत्यु भएको अधिकारीहरूले बताएका छन् । दुर्घटनामा दुई दर्जनभन्दा बढी यात्रु घाइते भएको प्रहरीले जनाएको छ । क्षेत्रका उप प्रहरी प्रमुख सिभ सोभान्नाले बिहीबार राति उद्धारकार्य सकिएपछि मृतकको सङ्ख्या प्रारम्भिक १३ बाट बढेर १६ पुगेको बताए । बसमा करिब ४० जनाजति यात्रु सवार रहेको अनुमान गरिएको छ र सबैजना कम्बोडियाली नागरिक भएको अधिकारीहरूले पुष्टि गरेका छन् । सोभान्नाका अनुसार प्रारम्भिक अनुसन्धानले बसका चालक रात्रि समयमा सिम रिपबाट यात्रा थालेपछि निदाएर नियन्त्रण गुमाएको आशङ्का गरिएको छ । करिब साढे पाँच घण्टाको नियमित यात्रामा यस्तो घटना हुनु अत्यन्तै दुर्भाग्यपूर्ण रहेको उहाँले बताउनुभयो । मृतकमध्ये चालक पनि समावेश छन् कि छैनन् भन्ने विषय खुलेको छैन । कम्बोडियामा सडक दुर्घटना मुलुककै गम्भीर समस्या मानिन्छ ।

## निर्वाचनमा भाग लिने कांग्रेसको निर्णय



**पाल्पा,** मंसिर ६/नेपाली काँग्रेसले २१ फागुनमा प्रतिनिधिसभा निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरेको छ । पार्टी कार्यालयमा बसेको केन्द्रीय समिति बैठकले मुलुकलाई निकास दिन चुनाव अपरिहार्य भएकाले निर्वाचनमा भाग लिने निर्णय गरेको हो ।

बैठकले वर्तमान राजनीतिक संकटको निकास, संविधानको संरक्षण र जेन-जीले उठाएको मागलाई संस्थागत रुपमा निर्वाचनबाटै सम्बोधन गर्न सकिने ठहर गरेको छ । त्यस्त काँग्रेसले राष्ट्रियसभा निर्वाचन र प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णयसमेत गरेको छ । तर, दल दर्ताका लागि पठाइने पत्रमा सभापति शेरबहादुर देउवाकै नाम पठाउने वा कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नाम पठाउने भन्नेबारेमा उल्लेख गरिएको छैन ।

दल दर्ता गर्दा सभापति देउवाकै नाम पठाइएमा पछि टिकट वितरणमा देउवा नै सक्रिय हुने आशंका छ । कांग्रेसले निर्वाचनको वातावरण निर्माण बनाउन आग्रह समेत गरेको छ । आम नागरिकलाई भयरहित वातावरण बनाउन कांग्रेसले हराइरहेका हतियार र कैदीबन्दीहरुलाई तत्काल नियन्त्रणमा लिनुपर्ने माग गरेको छ ।

## चार महिनामा ७२ करोडभन्दा बढी राजस्व सङ्कलन

**दाङ,** मंसिर ६/आन्तरिक राजस्व कार्यालय तुलसीपुरले चालु आर्थिक वर्षको चार महिनामा ७२ करोड १६ लाख ३७ हजार राजस्व सङ्कलन गरको छ । कार्यालयले साउनदेखि कात्तिक मसान्तसम्ममा रु ८९ करोड ९१ लाख ६१ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु ७२ करोड १६ लाख ३७ हजार सङ्कलन गरेको हो ।

कार्यालयका कर अधिकृत उपेन्द्र पुन मगरका अनुसार राजस्व सङ्कलन लक्ष्यको तुलनामा ८० दशमलव २५ प्रतिशत सङ्कलन भएको हो । गत वर्षको सोही अवधिमा कार्यालयले रु ७० करोड ३८ लाख ५८ हजार राजस्व सङ्कलन गरेको थियो । यस वर्षको चार महिनामा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसक्नुमा आयकरतर्फ




उल्लेख्य संख्यामा करदाताबाट विवरण पेस गर्न बाँकी हुनु, जेनजी आन्दोलनका कारण कार्यालयमा क्षति भएपछि सेवा प्रभावित हुनु, मालपोत कार्यालयमा पनि क्षति भई पुँजीगत लाभकरमा उल्लेख्य कमी आउनुलगायत कारण रहेका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## कमजोर बजेट कार्यान्वयन

मुलुकको अर्थतन्त्र यतिबेला चलायमान हुन सकेको छैन । आर्थिक क्रियाकलाप प्रायः शून्य अवस्थामा छन् । आर्थिक गतिविधि नभएको कारणले गर्दा राजस्व सङ्कलन हुन सकेको छैन । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान महत्वपूर्ण भए पनि अहिले निजी क्षेत्र पनि शिथिल हुँदै गएको छ । आन्तरिक उत्पादनमा वृद्धि हुन सकिरहेको छैन । अर्को तर्फ बजेट कार्यान्वयनको अवस्था समेत कमजोर बनेको छ ।

चालु आवको पहिलो तीन महिनामा पुँजीगत खर्च ४ दशमलव ७ प्रतिशत मात्र भएको छ । साउन, भदौ र असोज तीन महिनाको यो अवस्था नाजुक नै हो । पछिल्लो ताजा तथ्याङ्कले कात्तिकमा पनि धेरै सुधार देखिन्न । अर्थ मन्त्रालयका अनुसार कात्तिक २८ गतेसम्म पुँजीगत खर्च छ प्रतिशत मात्र भएको छ । चालु आवमा चार खर्ब सात करोड रुपियाँ पुँजीगत खर्च विनियोजन गरिएको थियो । त्यसमध्ये कात्तिक २८ गतेसम्म २४ अर्ब रुपियाँ हाराहारी मात्र खर्च भएको छ । यो अवधिमा चालु र वित्तीय खर्च भने उच्च देखिएको छ । चालु खर्च ११ खर्ब रहेकोमा चार महिनामा २६ प्रतिशत अर्थात् तीन खर्ब १६ अर्ब खर्च भएको छ । त्यस्तै नेपालले लिएको ऋणको साँवा तथा ब्याज फिर्ताका निम्ति तीन खर्ब ७५ अर्ब विनियोजित बजेटमा एक खर्ब २२ अर्ब चुक्ता भई कात्तिक २८ गतेसम्म ३२ दशमलव ६७ प्रतिशत पुगेको छ । यो तथ्याङ्कले पुँजीगत खर्चका अवस्था भने पछाडी नै देखिएको छ ।

आर्थिक वृद्धिको मुख्य माध्यमका रुपमा रहेको वार्षिक बजेट कार्यक्रमको प्रभावकारिता कार्यान्वयन क्षमतामा निर्भर रहने हुँदा हाल देखिएको कार्यान्वयनको कमजोरीले समग्र राष्ट्रिय अर्थतन्त्रमा प्रतिकूल असर पारिरहेको छ । हरेक सरकारबाट बजेटमा प्रत्येक वर्ष महत्वाकांक्षी योजना, परियोजना तथा नीतिहरू समावेश गरिन्छन् । तर, ती नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था भने फितलो हुने गरेको छ । बजेट निर्माण प्रक्रियामा व्यावहारिकता, कार्यान्वयन संरचना र कर्मचारी संयन्त्रको वर्तमान क्षमताको यथार्थ मूल्यांकन हुन नसक्दा बजेट कार्यान्वयन हुन नसकेको हो । यसर्थ वर्तमान सरकारले चालु आवको पहिलो तीन महिनाको समीक्षामा देखिएको कमजोरी सुधार गर्दै अगाडि बढ्नु वाञ्छनीय छ ।

### Opinion @ Social Network

स्वीकार्न, सहन अनि पर्खन सक्नु पर्छ,
समयले रङ्ग देखाएकाहरु बेरङ्ग पनि हुन्छन्।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्ट कर्मचारीलाई पहिला कारवाही गरौं



## पूर्ण ओली

> *कर्मचारीमा जब दलीय ट्रेड युनियन भएर दलका भात्री संगठन बनाइए त्यसपछि कर्मचारीमा डरभर हटेर खुलारुपमा भ्रष्टचार सुरु भयो । गरिजाप्रसाद कोइरालाले कर्मचारीलाई बालुवाटारमा बोलाएर निर्देशन दिँदै लाउडा, धमिजा काण्डा गर्दा आफ्नो स्वार्थ अनुसार काम गर्न लगाएका थिए ।*

नेपालमा अहिले सबै नेता भ्रष्ट भएर देश बिकास हुन नसकेको र युवाहरु बिदेशीन बाध्य भएका भाष्य मात्र बनाइएका छन् । सही पनि हो । यदि देश संचालन गर्ने नेता इमान्दार र सक्षम भइदिएको भए देशका सबै क्षेत्रले सही काम गर्ने थिए । जसरी लिक्वाउन इयुले सिंगापुरलाई गरिब राष्ट्रबाट अत्यन्त सम्पन्न राष्ट्रको शिखरमा पुऱ्याए । त्यस्तै मलेसियालाई महम्मद माथुरले बिकासको उच्चतम बिन्दुमा पुऱ्याए । तर नेपालमा त्यस्तो नेता राजा महेन्द्र मात्र देखिए । जसले कर्मचारीलाई समेत नियन्त्रणमा राखेर सही मार्गमा लगाए। त्यो भन्दा पहिला क्षमतावान बिज्ञ नेपालीलाई बिदेशबाट ल्याएर पनि सही ठाउँमा उपयोग गरे । नेपालमा पनि २०५१ सालमा नेकपा एमालेको पहिलो नौ महिने कम्युनिष्ट सरकार भएको बेलामा आृनो गाउँ आफैं बनाउ भनी देशको गाउँ गाउँसम्म जनताका आधारभूत बिकासमा धेरै काम भएको थियो । त्यतिबेला कर्मचारीले देखिने गरी भ्रष्टचार गरेको सुनिएन । कर्मचारीमा जब दलीय ट्रेड युनियन भएर दलका भात्री संगठन बनाइए त्यसपछि कर्मचारीमा डरभर हटेर खुलारुपमा भ्रष्टचार सुरु भयो । त्यहिबेला गिरिजा काँग्रेसको पालामा ठुला ठुला भ्रष्टचारका काण्ड सुरु भइसकेका थिए । गिरिजाप्रसाद कोइरालाले कर्मचारीलाई बालुवाटारमा बोलाएर निर्देशन दिँदै लाउडा, धमिजा काण्डा गर्दा आफ्नो स्वार्थ अनुसार काम गर्न लगाएका थिए । त्यस्तै पछि एमालेका माधव नेपाल सत्तामा हुंदा उनले ललिता निबास काण्ड मच्चाए । त्यतिबेला पनि उनले बिभागीय सचिव र महानिर्देशक समेतलाई दवाव दिएर उक्त सरकारी जमिन माफियालाई जिम्मा लगाए । त्यस्तै पतञ्जली जग्गा काण्ड पनि उनै माधव नेपालबाट हुनपुग्यो जसको मुद्दा उनले बोकिरहेका छन् । त्यस्तै शेरबहादुर देउवा एनसेल, वाइडबडी काण्ड आदिमा संलग्न भए । पूर्व प्रधानमन्त्री केपी ओलीले गिरिबन्दु टि स्टेटको जग्गा सट्टापट्टा गरि बेच्न नियमै बनाएर जग्गाधनीलाई फाइदा पुऱ्याएको कुरा आएको छ । त्यस्तै राजा बीरेन्द्रको नामको जग्गा ट्रस्टमा ल्याएपछि यति कम्पनिलाई नियमै बदलेर अत्यन्त सस्तोमा दरबारको जग्गा तथा गोकर्ण रिसोर्टको जग्गा जिम्मा लगाए । आरजु देउवा कर्मचारीको सरुवा बढुवादेखि भुटानी शरणार्थी काण्डमा संलग्न भइन् । कर्मचारीले पनि आफ्नो स्वार्थ हेरी नेताका निर्देशन मान्ने भइहाले । यस्ता काण्डमा यदि कर्मचारी निर्भिक भएर यस्ता अनियमित कार्य रोक्ने हिम्मत गरेका भए शायद नेताहरु नियन्त्रणमा आउने थिए । प्रहरीद्वारा घटित सुडान काण्डमा गृहमन्त्रालयको मिलेमतो बिना त्यति ठूलो काण्ड हुने थिएन । तर प्रहरी प्रमुखहरु जेल परे। गृह सचिव न गृहमन्त्री कोही पनि कारवाहीमा परेनन । सशस्त्र प्रहरीमा भएको ठूलो भ्रष्टचार काण्ड अखितयार प्रमुख लोकमान सिंह कार्कीले हिम्मत गरेर बिशेष अदालतमा पेश गरेका मुद्दा सम्पूर्ण शक्ति पद पैसाको बलमा मुद्दालाई भासभुस पार्दै पूर्वाग्रही भन्दै सबैलाई सफाइ दियो । जे होस् भ्रष्टचारमा कर्मचारी मात्र इमान्दार भएमात्र नेताले मात्र भ्रष्टचार गर्न सक्तैनन् । कर्मचारीले मिल्ने काम पनि अपठ्यारो पार्दै असहयोग गरि जनतालाई झुल्याउँछन् अनि घुस लिएर मात्र काम गर्ने गर्छन् । जनतापनि वाक्क दिक्क भएर केही रकम घुस खुवाएर समयमा आफ्नो कार्य सम्पन्न गर्न चाहन्छन् । मैले आफैंले भोगेका केही उदाहरण यसप्रकार छन् । बारा जिल्लाको जितपुर भित्र एउटा मोहीसहितको जग्गा खरिद गरिएको थियो । त्यो मोही छुटाउन भूमिसुधार कार्यलय वीरगञ्जका हाकिमलाई भन्दा मिल्दैन भनी ठाडो जवाफ दिए । पछि सामान्य ज्ञान किताबमा मोहीले ३ बर्षसम्म जग्गामा नटेकेको छ भने सर्जिवन गरेर हटाउन सकिनेरहेछ । त्यो कुरा गर्दा पनि हाकिमले मुखमा पान चपाउँदै गाह्रो छ भनेर टारिराखे। हामीले फाँटवालासँग कुरा गर्दा सर्जिमन गराउन म जान्छु त्यो कुरा हाकिमलाई गर्नु भनी सिकाए । त्यसपछि म पनि सरकारी कर्मचारी भएकाले अलिक कडासँग बोलें । सर्जिमन गर्दा मिल्छ, अनि त्यो मोही पनि त्या जग्गामा कहिले नआएको उ आफैं बैंकमा कार्यरत भएकोले फुर्सत नपाउने रहेछ । त्यो मोहीसँग हाकिमको टेलिफोन कुरा गराइयो । बाबुको जग्गा छोरालाई मोही राखिएको रहेछ । त्यसपछि मात्र पछि नियमअनुसार मोही हटाइयो । अर्को एउटा जग्गा हालसाबिक गर्नु थियो । सबै कागजात ठिक पारेर चाबाहिलको मालपोतमा पेस गरियो । दोश्रो हाकिमले त्यो फाइल वास्ता नगरी चुरोट खाएर बसे । अनि अरु लेखनदासले ल्याएका फायलमात्र हेरिरहे शायद त्यताबाट कमिसन आउने भएर होला । मैले भने मेरो फाइल पनि हेर्दिनुहोस् न भन्दा तपाईंको काम महत्वपूर्ण छैन भनी टारिरहे । म पनि कर्मचारी आज बिदा लिएर आएको छु भन्दा पनि वास्ता नगरेपछि मैले मेरो फाइल तानेर प्रमुख हाकिमकोमा लगेर मेरो फाइल देखाए । त्यहाँ मैले मेरो परिचयपत्र पनि देखाएँ । त्यसपछि ती हाकिमलेले कार्यलय सहयोगीलाई बोलाएर ढङ्गा मगाएर मेरो काम गरिदिए। म भरसक कसैलाई पनि घुस खुवाएर काम गराउँदिन । अर्को भरखरको घटना छ । कलंकी मालपोतमा आगलागीमा परेका जग्गाको श्रेस्ता मिलाउन गएको थिएँ । उनले वडाको सिफारिस चाहिन्छ भनेपछि म कलंकीको वडा कार्यलय पुगें । त्यहाँ गएपछि फाँटवालाले मलाइ बसाइसराइको कागज मागे । मैले भने मसँग सक्कल लालपुर्जा छ, तिरो तिरेको सक्कल रसिद छ अनि किन चाहियो बसाइसराइ भन्दा मेरा नागरिकता बाहिर जिल्लाको छ भने । बसाइसराइको के सरोकार राष्ट्रिय परिचय पत्र छ । जग्गा किन्दा, घर बनाउँदा बसाइसराइ चाहिँदैन अहिले त्यही मेरो जग्गाको श्रेस्ता कायम गर्न किन चाहियो ? बसाइ सराइको कागजात लिन गाउँ जानुपर्छ भन्दा पनि उनले नमानेपछि म फर्कें । तर यदि मैले केही रकम घुस खुवाउने कार्य गरेको भए शायद मेरा काम हुन्थ्यो होला । अर्थात् कर्मचारीले उपभोक्तालाई सहयोग गर्ने भन्दा बिभिन्न बहानामा झुलाउने र पैसा असुल्ने मात्र गर्छन् । यसबाट पनि जनताहरु दिक्क भएर पैसा खुवाउन बाध्य हुन्छन् । यसमा हाकिम समेतको पूरा सेटिङ हुन्छ । यसलाई नियन्त्रण नगरी भ्रष्टचार नियन्त्रण हुँदैन । कर्मचारीले गर्ने ढिलासुस्ती, जनतालाई दु:ख दिएर पैसा असुल्ने, नक्कली बिल बनाएर पैसा कमाउने, सरकारी जग्गामा मोही देखाएर भुमाफियासँग मिलेर जग्गा बेच्न सघाउने, काम समयमा गर्दिन्छु भनेर पैसा असुल्ने गरेर नेपाली जनतालाई हैरान पारिरहेका छन् । कतिपयलाई कुन काम कुन फाँटमा गएर गर्ने के के कागजात चाहिन्छ भन्ने थाहा नपाएर पनि दलालले फाइदा लिइरहेका हुन्छन्। प्राय सरकारी कार्यलयमा त्यहाँको कामको प्रकार कुन काम कुन कोठाबाट हुन्छ, अनि अपठ्यारो पर्दा कसलाई सम्पर्क गर्ने कुरा भनिएको हुँदैन। म आफू कुनै समयमा सैनिक अभिलेखालय भद्रकालीमा कार्यरत हुँदा त्यहाँ मैले बाहिर मानिस भेला हुने ठाउँमा सहजकर्ता लेखिएको टेबल र कुर्सीसहित एकजना कर्मचारी खटाएको हुन्थ्यो । जसले त्यहाँ आउनेलाई गाइड गर्ने र बुढाबुढीलाई आफैंले लेखिदिने र फाँट फाँटमा घुमाएर काम सघाउने ब्यबस्था मिलाइदिएको थिएँ । त्यस्ता कार्यगर्ने केही निजी संस्थामा बाहेक अन्यत्र पाइँदैन । हाम्रा सरकारी कार्यलयमा ठूला ठूला बोर्डमा कर्मचारी संगठनका बोर्ड राखिएका पाइन्छन्। उनीहरुको काम भनेको आ-आफ्ना दलका नेताको तारिफ गर्ने र अरु दलका नेतालाई गालिगलौच गर्ने हो । अहिले शिक्षा मन्त्री महाबीर पुनले शिक्षकले राजनीति नगर्ने र गर्न नपाउने नीति बनाउँदैछन् । यो सबै कर्मचारीमा लागू गर्नुपर्छ । दलीय ट्रेड युनियन पूरा मात्रमा बन्द गराउनु पर्छ । सरकारी कर्मचारी भएर दलमा लाग्नेको जागिर बर्खास्त गर्नुपर्छ । त्यसपछि समयमा काम नगर्ने कर्मचारी र जनतालाई झुल्याउने कर्मचारीलाई हाकिमले तुरुन्त स्पस्टीकरण लिएर कारवाही गर्ने हिम्मत गर्नुपर्छ । यति नगरेसम्म कर्मचारीहरु सही ठाउँमा आउने छैनन् । आज कतिपय नेता र मन्त्री राम्रा हुँदा हुँदैपनि यिनै कर्मचारीका कारण बदनाम भएका छन् । त्यसैले पहिला हामीले यी कामचोर भ्रष्ट कर्मचारीलाई ठिक गर्न जेनजी भाइहरु लागौं नत्र देशमा सुशासन आउँदैन । प्रतक्ष्य सरकार प्रमुख भएपनि फेरि पनि यिनै कर्मचारीको प्रबृतिले गर्दा सुशासन आउने छैन । भ्रष्टलाई कारवाही गर्न अख्तियार पनि निडर निर्भिक र सक्षम तथा इमान्दार हुनुपर्छ । दलको सिफारिसमा आउने अख्तियार प्रमुखले त्यही दलको हितमा मात्र गर्छ । त्यसैले प्रतिश्प्रधाबाट अख्तियारमा प्रमुख र सदस्य छानौं । यदि आफ्ना समर्थक भ्रष्टचारमा परे उनीहरुको मुद्दा तामेलिमा राख्ने चलन छ । यस्तो गर्ने पूर्वअख्तियार प्रमुख पत्ता लगाउने कार्य पनि जेनजी भाइहरुकै हो । अहिलेको सुशीला कार्की सरकारले कमसेकम दलीय ट्रेड युनियन हटाएर भ्रष्टलाई कारवाही गर्ने सख्त बिधेयक ल्याउने जसले निजहरुको सम्पति जफत गर्ने र भ्रष्टलाई जेल हाल्ने गरी बिधेयक ल्याउनु होस् । अनि सर्वोच्चको न्यायपरिषदमा राजनैतिक ब्यक्ति राख्न बन्द गराउनुहोस् । अन्यथा न्यायलय सधैं बद्नाम भइरहन्छ । सबै न्यायाधीश लोक सेवाबाट छनौट गर्ने अध्यादेश ल्याउनुहोस् । सकिन्छ भने धर्मनिरपेक्षता हटाउन र प्रदेश सरकार हटाउन सबै दललाई सहमत गराउनुहोस् । सांसदबाट मन्त्री नियुक्त बन्द गराएर बिज्ञ र क्षमतावानलाई प्रधानमन्त्रीले छनौट गर्ने गरि अध्यादेश पनि ल्याउनुहोस् प्रधानमन्त्रीजी । यति गर्न सक्षम हुनुभयो भने मात्र चुनावपछि आउने सरकारले यसलाई लागू गर्नेछन् अन्यथा उही पुरानो प्रबृति कायम हुनेछ । जेनजीको बलिदानको सही मूल्यांकन गर्नपनि केही काम गर्ने हिम्मत गर्नुहोस् । अन्यथा तपाईंको बद्नाम मात्र हुने होइन जिन्दगीभर पछुताउने कार्यमात्र हुनेछ । किनकि यस्तो अबसर फेरि कहिल्यै पनि पाउने हुनेछैन ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपानलाई लिएर सजगता अपनाउनुहोस्। मतभेद उत्पन्न होला। | **तुला** : आफन्तहरू मध्य मेहनतको सम्मान हुनेछ। अपूर्ण कार्य बन्नेछन्। |
| **वृष** : साझेदारी व्यापारमा लाभ रहनेछ। स्वास्थ्यको कारणले चिन्ता रहनेछ। | **बृश्चिक** : सामाजिक प्रतिष्ठा बढ्नेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। |
| **मिथुन** : प्रतियोगि परीक्षामा सफलता मिल्नेछ। फजुल खर्च बढ्नेछ। | **धनु** : कमी कमजोरीलाई सुधार्ने अवसर मिल्नेछ। कानुन विपरीत कार्य नगर्नुहोला। |
| **कर्कट** : चिताएका कार्य सम्पादन गर्न सकिनेछ।पैसाको नयाँ स्रोतहरू फेलापर्नेछन्। | **मकर** : महत्वपूर्ण कार्यको थालनी हुनेछ। करियरलाई लिएर चिन्ता रहनेछ। |
| **सिंह** : कार्यप्रति उत्साह जाग्नेछ। परिवारमा राम्रो वातावरण छाउनेछ। | **कुम्भ** : पारिवारिक सद्भाव बढ्नेछ। आफ्नो विषयमा अरुले दाबी गर्न सक्लान। |
| **कन्या** : व्यवसायमा लाभ रहनेछ। कृषिबाट लाभ प्राप्त गर्न सकिनेछ। | **मिन** : सामानको जिम्मेवारी स्वयं राखौं। धर्म कर्मप्रति मन जानेछ। |

# कृषि

## गाउँ फर्किएर तरकारी खेतीमा रमाउँदै कमलप्रसाद



म्याग्दी, व्यवसायको लागि तीन दशकअघि बजार झरेका पर्वतको जलजला गाउँपालिका-४ मल्लाज भवानीपानीका कमलप्रसाद पौडेलले जन्मथलो फर्किएर बाँझिएको बारीलाई तरकारीखेती गरेर हराभरा बनाएका छन् । सुविधा र अवसरको खोजीमा गाउँबाट शहर र शहरबाट विदेश पलायन हुने क्रम बढिरहेका बेला ५५ वर्षीय पौडेलले बजारबाट गाउँ फर्किएर व्यावसायिक तरकारीखेती शुरू गरेका हुन् । '२०५० मा घर, जग्गा र खेती किसानी छाडेर बेनी बजार झरेका थियौं', उनले भने, '२० वर्ष बेनीमा व्यवसाय गरेँ । करिब १२ वर्ष भारत र नेपालकै विभिन्न शहरमा नोकरी गरेँ । सोचेजस्तो सफलता हात नपरेपछि फेरि गाउँ फर्किएर तरकारी खेती गर्न थालेको हुँ ।' तरकारी खेतीका लागि पौडेलले चार रोपनी पुर्ख्यौली पाखोबारीलाई व्यवस्थापन गरेका छन् । गत वर्षसम्म झाडीले भरिएको बारीमा अहिले बन्दा, काउली र ब्रोकाउली खेती गरेर हराभरा भएको छ । सडक, यातायात, सिँचाइ र बजारको सुविधा भएकाले तरकारी खेतीमा पौडेलले सम्भावना देखेका छन् । बारीकै छेउको सडक भएर गुड्ने गाडीले तरकारी ढुवानी गरेर म्याग्दीको सदरमुकाम बेनीमा झार्छ । बेनीबाट मुस्ताङसम्म तरकारी बिक्री हुन्छ । बजारको समस्या नभएको पौडेलले बताए । खेती गर्न छाडेपछि पुर्ख्यौली जग्गा उपभोगविहीन भएको थियो । '५० को दशकमा गाउँ छाड्ने लहर नै चलको थियो, त्यही लहरमा हामी पनि बजार झर्‍यौं', उनले भने, 'बजारमा दुःखसुख गरेर छोराछोरी पढाएँ, दुई छोरा सरकारी जागिरे छन, छोरी विदेशमा छिन् । खेर गएको जग्गा सदुपयोग गर्न तीन दशकपछि गाउँ फर्किएका हौं ।' बजारमा बस्न थालेपछि पौडेलको पुरानो घर भत्किएको थियो । जन्मथलो फर्किएपछि उनले बस्नका लागि सामान्य घर निर्माण गरेका छन् । साना-साना पाखोबारीका पोहोटालाई पर्खाल लगाएर सम्माई गरा बनाएका छन् । मेहनत र परिश्रम गर्ने हो भने गाउँमा पनि अवसर र सम्भावना भएको सन्देश पौडेलले दिएका उनका छिमेकी गोपाल आचार्यले बताए । म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको मल्लाज पर्वतको जलजला गाउँपालिकाको २, ३ र ४ नम्बर वडामा पर्छ । फरक जिल्ला भए पनि प्रशासनिक बाहेक मल्लाजको सामाजिक, आर्थिक, व्यापारिक सम्बन्ध म्याग्दीसँग धेरै छ । २०४६ देखि शुरू भएको बृहत मल्लाज सिँचाइ आयोजना २०७४ मा सम्पन्न भएपछि यहाँका किसानलाई सहज भएको छ । त्यसअघि सिँचाइको असुविधाले गर्दा किसानलाई खेती बाली लगाउन समस्या थियो ।

*-रासस*


## 'पकेट' क्षेत्रमै सुन्तलाका बोट सुके



पर्वत, सुन्तलाखेतीका लागि पकेट क्षेत्रका रूपमा विकास गरिएको पर्वतको मोदी गाउँपालिका-२ देउपुरमा सुन्तलाका बोट धमाधम सुक्न थालेका छन् । पछिल्ला केही वर्षयता जलवायु परिवर्तनको असरसँगै तापक्रम वृद्धि र विभिन्न रोगकीराको सङ्क्रमणपछि सुन्तलाका बोट मर्न थालेका हुन् । धान, कोदो, मकैजस्ता मुख्य बाली छाडेर सुन्तला रोपेका यहाँका किसान अहिले वैकल्पिक खेती गर्न थालेका छन् । उनीहरूले सुन्तलाको विकल्पमा केरा, कफी, अम्बा, अदुवा, बेसार र कोदोखेती गर्न थालेका हुन् । कुनै समय जिल्लामै सबैभन्दा बढी पाँच सय बोट सुन्तला लगाएर मनग्गे कमाइ गर्ने स्थानीय ७३ वर्षीय टीकाराम जैसी अहिले सुन्तलाखेतीबाट विस्थापित भएका छन् । उनले अहिले मौरीपालन र अदुवा, बेसारखेती गरेका छन् । सुन्तला बगान अहिले सुकेका बोट र झाडीले भरिएको छ । सबै बोट सुकिसकेपछि उनले मोदी गाउँपालिका र कृषि ज्ञान केन्द्रका प्राविधिकलाई समस्या पत्ता लगाइदिन अनुरोध गरे। काठमाडौँसम्म लगेर परीक्षण गर्दा 'सिट्रस ग्रिनिङ' रोगको जोखिम थाहा भएपछि उनले सुन्तलाखेती नै छाडेका हुन् । सात रोपनी क्षेत्रफलमा सुन्तलाखेती गर्दै आएकी सोही ठाउँकी डिलकुमारी तिमिल्सिनाले पनि अहिले सुन्तलाका बोट मासेर केरा, कोदो र अदुवाखेती लगाएको बताए । घरअगाडिको बगैँचाका सुन्तलाका सबै बोट मरेपछि अहिले सुन्तलाका दाउरा बनाइएको छ । लामो समयदेखि सुन्तलाको व्यावसायिक खेती गर्दै आएका किसान विस्थापित बन्दै गइरहेको स्थानीय दाताराम चापागाईंले जानकारी दिए । विगत केही वर्षअघिसम्म वार्षिक रु पाँच करोडभन्दा बढीको सुन्तला बिक्री हुने यो गाउँमा अहिले मुस्किलले रु दुई करोडसम्म भित्रिने चापागाईंको अनुमान छ । लाखौँ लगानी गरेर सुन्तलाखेती गरिरहेका किसान चिन्तित बनेका उनले बताए । मोदी गाउँपालिकाको कृषि शाखा प्रमुख स्मृति तिमिल्सिनाले देउपुरको सुन्तला बगैँचामा अब अम्लीय जातका फलफूलको उत्पादन हुन नसक्ने बताए। 'क्यान्डीडट्स लिबेरीब्याक्टर एसिअटिकस' नामक 'ब्याक्टेरिया'ले त्यहाँका बगैँचा सखाप पारिदिएको भन्दै उनले उक्त बगैँचामा वैकल्पिक खेती गर्नुको विकल्प नरहेको बताए । पातहरूमा पहेँलो र हरियो भाग मिसिएको रङ देखिँदै फल सानो, बाङ्गो, स्वादमा गुणस्तर घट्दै जाने र बीउ असमान बन्दै जान थालेको भन्दै तिमिल्सिनाले क्रमशः कमजोर हुँदै गएर रुख मर्ने नै यसको समस्या रहेको बताए । सङ्क्रमित रुख तुरुन्त उखेल्ने र नष्ट गरेर त्यहाँको हावापानीअनुसारको खेती गर्नु नै उत्तम विकल्प हुने उनको सुझाव छ । कृषि शाखा प्रमुख तिमिल्सिनाले त्यो ठाउँमा अम्लीय जातका फलफूलको विकल्पका रूपमा केरा, कफी, कोदो, अदुवा, अम्बा, बेसारलगायतका खेती गर्न सकिने सुझाव दिएका छन् । यहाँका झण्डै एक सय ५० परिवार व्यावसायिक सुन्तलाखेती गर्दै आएका थिए । सुन्तलाखेतीमा समस्या आएपछि किसानको आकर्षण घट्दै गएको स्थानीय भूमिराज शर्माले बताए ।

*-इहिमालय टाइम्स डटकम*

## समूहबाट आर्थिक समृद्धि खोज्दै महिला



**दाङ,** घोराही उपमहानगरपालिका-८ कटुकीका वसन्ती चौधरी समूहमा आबद्ध भएको दुई वर्ष भयो । उनी जनचेतना महिला कृषक समूहको कोषाध्यक्ष हुन् । समूहमा रहेका २० जनाले सामूहिक खेती गर्ने गरेको उनले बताइन् । चौधरीले भनिन्,"नौ कठ्ठा जमिन भाडामा ल्याएर आलु र प्याजखेती गरेका थियौं, आलु उत्पादन राम्रो भयो र प्याज पनि राम्रो भएको छ, दुई वटा टनेल बनाएर खेती गरेका छौं, कृषि ज्ञान केन्द्र दाङले लक्षित वर्गका लागि बजेट सहयोग गरेको छ ।" सोही कार्यालयले २० जनालाइ २० हजारका दरले बीउपुँजी सहयोग गरेको उनले बताइन् । "समूहमा आबद्ध भएपछि सरकारी कार्यालयमा के-के कार्यक्रम आउछन्, त्यसका बारेमा जानकारी हुने गरेको छ", उनले भनिन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र दाङले बङ्गुरपालनका लागि खोर बनाउन १० लाख बजेट सहयोग गरेको उनले बताइन् । जनचेतना महिला कृषक समूहका अध्यक्ष देउकुमारी चौधरीले वित्तिय साक्षरता सिकेर बचत गर्न, लगानी गर्न, ऋण व्यवस्थापन गर्न, आम्दानी र खर्चमा योजना बनाउन जानेको बताइन् । उनले भनिन्,"सामूहिक काम गर्दा छिटो र छरितो हुने गरेको छ, खेताला लगाउन नपर्ने सजिलै काम सकिने भएको छ ।" घोराही-१२ का नन्दा योगीले मौरीपालन तालिम लिएर मौरी पाल्न सुरु गरेकी छन् । मुक्त कमलरी विकास मञ्च र सोसेक नेपालले तालिमसँगै पाँच घार मौरी दिएको थियो । मौरीपालन तालिमपछि व्यावसायिक रुपमा पालन सुरु गरेको उनले बताइन् । अहिले उनीसँग १० घार मौरी छन् । उनका अनुसार करिब ८६ किलो मह उत्पादन भएको र सबै बिक्री भएको थियो । ५०० देखि ६०० प्रतिकिलोमा बिक्री गरेको उनले बताइन् । गाईवस्तु पालेकोभन्दा सजिलो हुने भएर यो काम राम्रो लागेको उनले बताइन् । उनका अनुसार तालिमपछि क्षमता विकास र वित्तीय साक्षरता पनि भएको छ । तुलसीपुर उपमहानगरपालिका-१६ टिक्रालहलौराकी उर्मिला चौधरी पूर्वकमलरी हुन । उनी प्रगति पशुपालन महिला समूहको अध्यक्ष बनेकी छन् । समूहमा आबद्ध भएपछि उनले च्याउखेतीको तालिम लिइन् । उनले समूहमा आबद्ध भएपछि ३० हजार घुम्ती कोषबाट पैसा लिएर च्याउखेती गरिन् । चार सय लोकल कुखुरा र दुई हजार ५०० गिरीराज कुखुरापालन गरेर प्रशस्त आम्दानी गरेको उनले बताइन् । समूहले आम्मनिर्भर बनाएकाले यसैलाई निरन्तरता दिने उनले बताइन् । उनीहरुको ३० जनाको समूह छ । उनका अनुसार घुम्ती कोषको पैसा एक वर्षमा साँवामात्रै फिर्ता गर्नुपर्छ ब्याज लाग्दैन । घोराहीका उपप्रमुख हुमा डिसीले मुक्तकमलरीसँग सहकार्य गरेर काम गरेको बताइन् । "विभिन्न तालिम दिएर काम गरेका छौं", उनले भनिन् । पालिकाभित्र रहेका छाना नभएकालाई मुक्त कमलरीलाई छाना दिने कार्यक्रम रहेकाले छाना नभएकाहरुले पालिकामा सम्पर्क गर्न उनले आग्रह गरिन् । सीप सिकेकालाई स्वरोजगार बन्न पनि उनले आग्रह गरिन् । मुक्त कमलरी विकास मञ्चका परियोजना अधिकृत सुवोध चौधरीले मुक्त कमलरी सशक्तीकरण परियोजनाअन्तर्गत प्रत्यक्ष ४६५ जनालाई सहयोग गरेको बताए । उनका अनुसार दाङका घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका र लमही नगरपालिकामा कार्यक्रम लागू भएको छ । लक्षित वर्गमा पूर्वकमलरी, सीमान्तकृत तथा असहाय रहेको उनले बताए । महिलाहरुले समूह बनाएर व्यावसायिक कामबाट आम्दानी गर्न थालेको उनले जानकारी दिए ।

*-रासस*

## स्वदेश फर्केर थालेको केरा खेतीबाट मालामाल



वैदेशिक रोजगारीबाट फर्केका शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीका मोहन राना नौ वर्षदेखि व्यावसायिक केराखेती गर्दै आएका छन् । वार्षिक रुपमा उनले १५ लाखदेखि २० लाखसम्मको बारीमा उत्पादित केरा बिक्री गरी आम्दानी लिँदै आएका छन् । दुई बिघा भाडामा र एक बिघा स्वामित्वको गरी तीन बिघा जग्गामा रानाले केराखेती गरेका छन्। केरा बारीमा जि नौ जातको बढी उत्पादन दिने केरा रोपिएको छ । गत वर्ष रानाले १८ लाखको केरा बिक्री गरेका थिए । केराखेतीका लागि यस वर्ष प्रतिकूल मौसम भएकाले उत्पादन गत वर्षको भन्दा बढी हुनेमा राना ढुक्क छन् । बारीमा उत्पादित केरा दसैं-तिहारमा बिक्री गर्ने योजना रानाको रहेको छ । "दशैं-तिहारका बेला केराको माग उच्च हुन्छ", उनले भने, "मूल्य पनि सोचेअनुसार नै पाइन्छ, त्यै भएर यसै समयमा केरा बिक्रीका लागि तयार गर्दै आएका छौं ।" व्यापारीले गाडी लिएर बारीमै पुगेर हातो हात पैसा दिएर केरा खरिद गरेर लैजाने गरेको रानाले बताए । थोकमा केराको प्रतिघडी ५०० देखि ६०० मा बिक्री हुने गरेको छ । प्रतिघडीमा १० देखि १५ दर्जन बढी केरा उत्पादन हुने गरेको छ । केराखेतीका लागि रासायनिक मल, बिषादी, सिँचाइ र कामदारको ज्याला गरी चार लाख जतिको खर्च आउने गरेको छ । बारीमा रोपिएका केराको गोडमेललगायतको कार्यका लागि मौसमी रुपमा १० देखि १२ जना कामदारलाई उनले रोजगारी पनि दिँदै आएका छन् । "घरमा रोजगारी उपलब्ध नभएपछि केही वर्ष भारतमा काम गरे", उनले भने, "त्यसपछि तीन वर्ष मलेसियामा बसेर काम गरे, विदेशमा काम गरेर घर खर्च मात्रै चल्थ्यो, बचत गर्न सकिँदैन्थ्यो, त्यै भएर घर फर्केर सुरुमा चार कड्डा जग्गामा परीक्षणका रुपमा केराखेती गरे ।" त्यसले राम्रो उत्पादन दिएपछि खेतीलाई व्यावसायिक बनाउन हौसिएको उनी बताउँछन् । जग्गाको क्षेत्रफल बढाउँदै लगेर आम्दानी बढ्दै गएको छ । अहिले खर्च कटाएर वर्षमा रु १० लाख जति रकम बचत हुने गरेको उनले बताए । कहिलेकाहीँ हावाहुरी, जङ्गली हात्तीले केराखेतीमा क्षति पुर्याउने बाहेक अन्य नोक्सान भने अरू बाली जस्तो नहुने गरेको उनी बताउँछन् । श्रीमान्-श्रीमती दुवै जना दिनको आठ घण्टाभन्दा बढी समय केराको स्याहारसुसारमै बिताउने गरेको उनको भनाइ छ । शुक्लाफाँटा-१२ का वडाध्यक्ष नवलसिंह रानाले मोहनलाई नगरपालिका क्षेत्रमा व्यावसायिक केराखेती गर्ने अब्बल किसानका रूपमा रहेको बताए । "मोहनले न केवल आफ्नो परिवारलाई आत्मनिर्भर बनाएका छन्", उनले भने, "गाउँका अन्य युवालाई पनि प्रेरणा दिएका छन् ।"

*-रासस*

# पाल्पा साहित्य समाजले मनायो ३१ औं वार्षिक दिवस




**पाल्पा,** मंसिर ६/ पाल्पा साहित्य समाजले ३१ औं वार्षिक दिवस मनाएको छ । समाजले समाजले शनिबार वार्षिक दिवससँगै पाल्पाली आदिकवि छबिलाल नेपालको १७६ औं जन्म जयन्ती तथा शास्त्रकवि माधवप्रसाद देवकोटा १२२औं जन्म जयन्ती समेत विभिन्न कार्यक्रम गरी मनाएको हो ।

सो अवसरमा समाजले विभिन्न क्षेत्रमा योगदान गरेका व्यक्तिहरुलाई सम्मान गरेको छ । उसले समाजसेवी लेखक बुद्धि प्रसाद शर्मालाई भैरवतुल्सी सिंह स्मृति पुरस्कार , स्वास्थ्य साहित्यिक लेखक प्रा. डा. प्रकाशराज रेग्मीलाई आदिकवि छबिलाल नेपाल प्रतिभा पुरस्कार ,साहित्यकार रामप्रसाद अर्याललाई अथक रेग्मी साहित्य पुरस्कार , छन्दकवि होमनाथ काफ्लेलाई गणेश केशव लक्ष्मी स्मृति स्रष्टा सम्मान र समाजसेवी प्रमी श्रेष्ठलाई राधा ईन्द्र समाज सेवा सम्मान पुरस्कारबाट सम्मान गरेको हो । समाजले स्थापनाकालदेखि नै विभिन्न व्यक्तित्वहरूलाई पुरस्कार तथा सम्मान समर्पण गर्नुका साथै कृति प्रकाशन लोकार्पण र विमर्श समेत गर्दै आएको छ । कार्यक्रममा छविलाल नेपाल, माधवप्रसाद देवकोटा र पाल्पा साहित्य समाजको योगदानबारे जानकारी गराउनुका साथै वरिष्ठ मुटुरोग विशेषज्ञ प्रा.डा. प्रकाशराज रेग्मीद्वारा लिखित कृति 'मुटुका कुरा ' को विमर्श गरिएको थियो । कृतिको विमर्श नेपाल परिवार नियोजन संघ पाल्पाका प्रमुख शोवाकान्त न्यौपानेले गरेका थिए । समिक्षक न्यौपानेले कृति पठनीय र मननीय रहेकाले मुटुरोगी र सरोकारवालाहरू सबैका लागि स्वास्थ्य खुराकको रूपमा रहेको बताए । बिरामीले खोजेका प्रश्नको उत्तर कृतिभित्र रहेकाले पठनीय रहेको उनको भनाई छ ।कार्यक्रमको प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुँवरले उद्घाटन गरेकी थिइन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथिले कुंवरले पाल्पाको भाषा कलासंस्कृति र साहित्य क्षेत्रको विकासमा समाजले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताइन् । कार्यक्रममा साहित्यकार गणेश नेपाली , पत्रकार भोजराज भट्टराई ,सम्मानित व्यक्तित्वहरू प्रमी श्रेष्ठ ,होमनाथ काॗले, रामप्रसाद अर्याल,प्रा.डा. प्रकाशराज रेग्मी ,बुद्धिप्रसाद शर्मा ,समाजका संरक्षक राजेन्द्र गोपाल सिंह लगायतले आ-आफ्ना धारणा राखेका थिए । समाजका अध्यक्ष पुष्कर अथक रेग्मीको अध्यक्षता, समाजका सल्लाहकार चित्रवलीराम सुवालको स्वागत,कोषाध्यक्ष पुरूषोत्तम अर्यालद्वारा सम्मानित व्यत्त्कित्वहरूमाथि प्रकाशसंगै संस्थाको गतिविधिमाथि प्रकाश र सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# चार महिनामा ७२ करोड...

...उनका अनुसार पुँजीगत खर्चमा आएको न्यूनतम, ब्याजदर घट्न गई ब्याज कर घट्नु, आन्दोलनबाट यस कार्यालयमा क्षति पुगेपछि सेवाको पुन:स्थापना तथा कार्यालय व्यवस्थापनमा केन्द्रित हुनुपरेकाले राजस्व सङ्कलनसम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक क्रियाकलापमा तीव्रता दिन नसकिनुलगायत कारण रहेका छन् । गत आव २०८१/८२ मा रु तीन अर्ब १४ करोड ८६ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु दुई अर्ब ९४ करोड २४ लाख सङ्कलन भएको कार्यालयले जनाएको छ । यो आव २०८०/८१ को तुलनामा रु ५४ करोड ६० लाख बढी हो । चालु आवको बाँकी अवधिमा सरोकार भएका निकायसँग समन्वय गरी प्रभावकारी करदाता शिक्षामार्फत स्वेच्छिक कर सहभागिता अभिवृद्धि, आर्थिक ऐन, २०८२ ले प्रदान गरेका छुट सुविधाको प्रचारप्रसार, राजस्व चुहावट तथा कर छलीको नियन्त्रण, बक्यौता कर असुलीलगायत क्रियाकलापलाई जोड दिँदै कार्यालयको वार्षिक राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको प्रमुख कर अधिकृत टण्डनले जानकारी दिए । त्यस्तै आर्थिक ऐन, २०८२ ले गत चैत मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण तथा कर बुझाउन बाँकी करदाता, अन्तशुल्क विवरण तथा अन्तशुल्क बुझाउन बाँकी करदाता, संस्थादर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था वा यातायातसम्बद्ध सैसंस्थालाई कर कार्यालयबाट गत जेठ १५ गतेभन्दा अघि कर निर्धारण भई बक्यौता रहेका करदाता, आय विवरण पेस नगरेको अवस्थामा कर कार्यालयबाट कर निर्धारण गरिएका करदातालगायतलाई लक्षित गरी विभिन्न छुट सुविधा घोषणा गरेको उनले बताए । उनका अनुसार सोसम्बन्धी सूचना कार्यालयले विभिन्न सञ्चारमाध्यमबाट प्रचारप्रसार गरिरहेको छ । उक्त छुट सुविधा उपलब्ध हुने अवधि आगामी पुस मसान्तसम्म मात्र भएकाले उल्लेखित मापदण्डभित्र पर्ने करदाताले यथाशीघ्र उक्त सुविधा लिनुहुन कार्यालयका प्रमुख कर अधिकृत टण्डनले अनुरोध गरे । उक्त छुट सुविधाका सम्बन्धमा आ्ना सदस्यलाई जानकारी गराइदिनुहुन जिल्लामा क्रियाशील उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्सलगायत सरोकार भएका निकायलाई आग्रह गर्दै उनले आवश्यक प्रचारप्रसार गरिदिएर समन्वय गर्न सञ्चारमाध्यम तथा सञ्चारकर्मीमा अनुरोध गरे । यहाँबाट प्रदान गरिने सेवालाई सरल, सहज, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन कार्यालय क्रियाशील रहेको टण्डनले बताए । कर भुक्तानी, कर विवरण दाखिला, करचुक्ता प्रमाणपत्र, विवरण अद्यावधिकलगायत सेवाहरू अनलाइन प्रणालीमार्फत प्राप्त गर्न सकिने व्यवस्था कार्यान्वयनमा रहेको उनले जानकारी दिए । प्रमुख कर अधिकृत टण्डनका अनुसार सेवा लिन आउने सेवाग्राहीलाई सहजीकरण तथा न्यूनतम शुल्कमा फाराम भरिदिने व्यवस्थाका लागि तुलसीपुर उद्योग वाणिज्य सैबाट कार्यालयसँगको सहकार्यमा करदाता सहायता कक्ष सञ्चालन गरिएको छ । "राजस्व बुझ्नका लागि कार्यालयमा ग्लोबल आइएमइ बैंकको बैंक काउण्टर सञ्चालनमा छ । कार्यालय तथा कार्यालयको सेवा प्रवाहका सम्बन्धमा जानकारी दिन सूचना अधिकारी तथा यथोचित गुनासो सम्बोधनका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ", उनले भने । लुम्बिनी प्रदेशअन्तर्गत दाङ, पूर्वी रुकुम, रोल्पा, प्युठानमा व्यावसायिक स्थायी लेखा नम्बर लिएका ४३ हजार ३९, व्यक्तिगत लेखा नम्बर लिएका एक लाख २४ हजार ६९८ र संस्थागत स्थायी नम्बर लिएका ७६६ करदाता रहेका कर अधिकृत पुनले जानकारी दिए । जेनजी आन्दोलनका कारण कार्यालयका तीनवटै भवन, सवारीसाधन जलेर नष्ट भएपछि केही दिन सेवा अवरुद्ध भएको थियो । केही दिनपछि तुलसीपुर उद्योग वाणिज्य सैको कार्यकक्षबाट सेवा सञ्चालन ग्रिएकामा हाल श्री त्रिसिद्धेश्वरी मन्दिर तुलसीपुरको धर्मशाला भाडा लिएर त्यहाँबाट सेवा प्रवाह भइरहेको छ । *---रासस*

## खेलकुद समाचार

# कर्णालीसंगलुम्बिनी ९ विकेटले पराजित




**काठमाडौं,** मंसिर ६/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा कर्णाली याक्सले लुम्बिनी लायन्सलाई हराएको छ । लुम्बिनीले दिएको १ सय ५७ रनको लक्ष्य पछ्याएको कर्णालीले १२ ओभर २ बलमा १ विकेट गुमाएर भेटायो । कर्णालीका मार्क वाटले शतक बनाए । उनले ४४ बलमा अविजित १ सय १४ रन बनाए । यस्तै विलियम बोसिस्टोले अविजित २९ रन बनाए । लुम्बिनीका शेर मल्लले १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङ गरेको लुम्बिनीले ८ विकेट गुमाएर १ सय ५६ रन बनायो । लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले ४९ रुबेन ट्रम्पेलम्यानले अविजित २९ र जेजे स्मिथले २३ रन बनाए । कर्णालीका नन्दन यादवले २, कप्तान सोमपाल कामी, गुल्शन झा, मार्क वाट, बिपिन शर्मा, युवराज खत्रीले समान १ विकेट लिए । कर्णाली आफ्नो पहिलो खेलमा चितवन राइनोजसँग ४ विकेटले पराजित भएको थियो भने लुम्बिनीले चितवनलाई ६ विकेटले हराएको थियो । अर्को खेलमा सुदूरपश्चिमसँग पराजित भएको थियो । त्यस्तै विराटनगरको आज दोस्रो खेल हो । आफ्नो पहिलो खेलमा विराटनगरले पोखरालाई हराएको थियो । दोस्रो संस्करणको एनपीएल क्रिकेटमा सुदूरपश्चिम, पोखरा, विराटनगर, काठमान्डु, लुम्बिनी, चितवन, जनकपुर र कर्णाली गरी ८ वटा टोली सहभागी छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सरकारले ७ लाख राहदानी खरिद गर्ने




**पाल्पा,** मंसिर ६/सरकारले ७ लाख थान विद्युतीय राहदानी खरिद गर्ने निर्णय गरेको छ । सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले अन्तरिम अवधिका लागि हालकै आपूर्तिकर्तासँग ७ लाख थान विद्युतीय राहदानी खरिद गर्ने भएको निर्णय गरेको हो ।

नयाँ सम्झौता अनुसार राहदानी जारी नहुँदासम्मको अन्तरिम अवधिका लागि हालको आपूर्तिकर्ता कम्पनीसँग भेरिएशन आदेशबाट खरिद गर्न राहदानी विभागलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिएका हुन् । राहदानीको अभाव देखिएपछि सरकारले सम्झौता रद्द भइसकेको फ्रान्सेली कम्पनीसँगै अन्तरिम अवधिका लागि राहदानी खरिद गर्ने तयारी गरेको छ । आगामी तीन हप्ताभित्रै राहदानीको पहिलो किस्ता आउने छ । राहदानी विभागले शुक्रबार एक विज्ञप्ति जारी गर्दै आगामी तीन हप्ताभित्रै राहदानीको पहिलो किस्ता आउने गरी क्रमश: थप राहदानी आपूर्ति हुने जनाएको हो । खरिदको सम्झौता भएसँगै अब सेवाग्राहीले अनिश्चितकालसम्म कुर्नुपर्ने अवस्थाको अन्त्य हुने विभागको भनाइ छ । विभागले राहदानी जारी सम्बन्धी तीन वटा व्यवस्था मिलाएको जनाएको छ । यसअघि दैनिक १ हजारको संख्यामा अपोइन्टमेन्ट स्लट खोल्ने गरेकोमा सेवाग्राहीको माग अनुसार सो संख्यालाई विभागको दैनिक क्षमता अनुसार बढाइ सेवाग्राहीहरूलाई पर्याप्त राहदानी आवेदन स्लट उपलब्ध गराउँदै लगिने विभागले जनाएको छ । जसका लागि विभागका उपलब्ध जनशक्तिलाई आवश्यकता अनुसार अतिरिक्त समय काममा लगाई यथाशीघ्र राहदानी आपूर्ति सहज बनाउने व्यवस्था मिलाइने छ । विदेशस्थित नेपाली नियोगमा राहदानीका लागि आवेदन दिएका आवेदकहरूको राहदानी साविककै हिसावमा एक दुई हप्ताभित्र छपाइ गरी पठाउने व्यवस्था मिलाउने आयोगको भनाइ छ । यसैगरी जिल्ला/इलाका प्रशासन कार्यालयहरूबाट आवेदन दिने आवेदकहरूको हकमा कम्तीमा १५ कात्तिकसम्म आवेदन दिने आवेदकहरूको राहदानी दुई हप्ताभित्र र उक्त मितिपछि आवेदन दिने आवेदकहरूको राहदानी साविक बमोजिम क्रमश: छपाइ गरी पठाउने व्यवस्था मिलाइने छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई